# २०८१ कात्तिक २ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.सं. | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| 1 | अर्थ मन्त्रालय | विश्व बैंकबाट हरित, उत्थानशील र समावेशी विकासका लागि प्रस्ताव गरिएको करिब १३५ मिलियन अमेरिकी डलर ऋण सहायता स्वीकार गर्ने सम्बन्धमा वार्ता गर्न अर्थ मन्त्रालयका सहसचिवको नेतृत्वमा वार्ता टोली गठन गरी वार्ता गर्न अख्तियारी दिने। |
| 2 | अर्थ मन्त्रालय | विश्व बैंकबाट Nepal Disaster Resilience Development Policy Credit with Catastrophe Drawdown Option मार्फत उपलब्ध हुने १५० मिलियन अमेरिकी डलर (करिब २० अर्ब १२ करोड नेपाली रुपियाँ) बराबरको सहुलियतपूर्ण ऋण सहायता स्वीकार गर्ने। |
| 3 | अर्थ मन्त्रालय | विपद्जन्य घटनालाई सम्बोधन गर्ने गरी राहत तथा पुनःनिर्माण प्रयोजनार्थ नेपाल सरकारलाई अनुदान स्वरुप प्राप्त हुने मालबस्तुमा भन्सार महसुल छुट दिने। |
| 4 | उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय | नेपाल इन्टरमोडल यातयात विकास समितिको कार्यकारी निर्देशक पदमा श्री आशिष गजुरेललाई पुनःनियुक्त गर्ने। |
| 5 | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | २०८१ कात्तिक १८ देखि २१ सम्म भारतको नयाँ दिल्लीमा आयोजना हुने अन्तर्राष्ट्रिय सौर्य गठबन्धनको सातौं बैठकमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री माननीय दिपक खड्कालाई सहभागी हुन स्वीकृति दिने। |
| 6 | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगका अध्यक्ष तथा सदस्यको नियुक्तिको लागि सिफारिस गर्न नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८०/१२/३० को निर्णयानुसार गठित सिफारिस समिति पुनर्गठन गरी देहायबमोजिम सिफारिस समिति गठन गर्ने:-<br>(क) सर्वोच्च अदालतका पूर्व प्रधान न्यायाधीश श्री ओमप्रकाश मिश्र -अध्यक्ष<br>(ख) राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्ष वा निजले तोकेको सो आयोगको सदस्य -सदस्य<br>(ग) मानव अधिकारवादी, मनोविज्ञानवेत्ता, कानूनविद्, विधि विज्ञानवेत्ता, द्वन्द्वविद्, समाजशास्त्री, महिला अधिकारकर्मी वा शान्ति प्रक्रियामा संलग्न व्यक्तिहरू मध्येबाट देहाय बमोजिमका सदस्यहरू:<br>(१) श्री खम्मबहादुर खाती, पूर्व महान्यायाधिवक्ता -सदस्य |

| | | |
|---|---|---|
| | | (२) डा. अर्जुन कुमार कार्की, संखुवासभा -सदस्य<br>(३) श्री स्टेला तामाङ, गोरखा -सदस्य |
| 7 | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गतका क्वारेन्टाइन कार्यालयहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्वस्वीकृति प्रदान गर्ने। |
| 8 | गृह मन्त्रालय | हालैको बाढी पहिरोबाट प्रभावित भई नेपाल सरकारबाट विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरिएका २० जिल्लाका ७१ स्थानीय तहहरूमध्ये अतिप्रभावित, प्रभावित र सामान्य प्रभावित स्थानीय तहहरूको सेवा सञ्चालन गर्ने प्रयोजनार्थ जिल्ला विपद् व्यवस्थापन समितिमार्फत तत्काललाई क्रमशः १ करोड, ७५ लाख र ५० लाख रुपियाँका दरले रकम उपलब्ध गराउने। |
| 9 | गृह मन्त्रालय | मुस्ताङ जिल्लाको कोरोला नाकामा अध्यागमन कार्यालय स्थापना गरी सेवा सञ्चालन गर्न स्वीकृति प्रदान गर्ने। |
| 10 | गृह मन्त्रालय | राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली र नागरिक एपबिच अन्तर-आबद्धता कायम गर्न स्वीकृति प्रदान गर्ने। |
| 11 | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र मातहतका निकायहरूको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O&M) गर्न पूर्वस्वीकृति प्रदान गर्ने। |
| 12 | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | २०८१ कात्तिक १७ देखि १९ गतेसम्म साउदी अरेबियाको राजधानी रियादमा आयोजना हुने Road Safety & Sustainability Conference: Innovating for Tomorrow विषयक कार्यक्रममा भौतिक पूर्वाधार तथा यातायात मन्त्री माननीय देवेन्द्र दाहाललाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| 13 | वन तथा वातावरण मन्त्रालय | मध्य मेवा जलविद्युत आयोजना निर्माणको लागि ताप्लेजुङ जिल्लाको मिक्वाखोला गाउँपालिकामा रहेको राष्ट्रिय वनको ४.७ हेक्टर जग्गा प्रयोग गर्न दिने। |
| 14 | वन तथा वातावरण मन्त्रालय | मध्य मेवा-ढुङ्गेसाँगु १३२ के.भि. विद्युत प्रसारणलाइन आयोजना निर्माणको लागि ताप्लेजुङ जिल्लाको मेरिङदेन गाउँपालिकामा रहेको राष्ट्रिय वन क्षेत्रको कुल जम्मा ५.०११७ हेक्टर जग्गा प्रयोग गर्न दिने। |
| 15 | वन तथा वातावरण मन्त्रालय | सिवा खोला जलविद्युत आयोजना निर्माणको लागि ताप्लेजुङ जिल्लाको मिक्वाखोला गाउँपालिका र मेरिङदेन गाउँपालिकामा रहेको राष्ट्रिय वनको ४.०५१ हेक्टर जग्गा प्रयोग गर्न दिने। |
| 16 | वन तथा वातावरण मन्त्रालय | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ बमोजिम नेपाल सरकारको तर्फबाट कतार सरकारलाई उपहार स्वरूप चितवन |

| | | |
|---|---|---|
| | | राष्ट्रिय निकुञ्जको हात्तीसारमा रहेका एक जोडी हात्ती उपलब्ध गराउने। |
| 17 | वन तथा वातावरण मन्त्रालय | सदर चिडियाखानाको व्यवस्थापन जिम्मेवारी राष्ट्रिय प्रकृति संरक्षण कोषलाई हस्तान्तरण गर्ने। |
| 18 | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | संस्कृति, पर्यटन तथा नागारिक उड्डयन मन्त्रालय र अन्तर्गतका निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्वस्वीकृति प्रदान गर्ने। |
| 19 | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपालको नागरिक उड्डयन क्षेत्रको समष्टिगत अध्ययन एवम् विश्लेषण गरी सुरक्षित, भरपर्दो र विश्वसनीय नागरिक उड्डयन प्रणालीको विकास गर्न देहायबमोजिमको एक उच्चस्तरीय अध्ययन तथा सुझाव समिति गठन गर्ने र समितिको कार्यशर्त स्वीकृत गर्ने।<br>श्री अनिल कुमार सिन्हा, पूर्व न्यायाधीश, सर्वोच्च अदालत -अध्यक्ष<br>श्री राजेन्द्र बहादुर सिंह, हवाई व्यवस्थापन विज्ञ -सदस्य<br>श्री भेषराज सुवेदी, हवाई सुरक्षा विज्ञ -सदस्य<br>क्या. रिवाज प्रसाद प्रधान, हवाई सेवा सञ्चालन तथा गुणस्तर व्यवस्थापन विज्ञ -सदस्य<br>सहसचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय -सदस्य सचिव |
| 20 | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | गृह मन्त्रालयअन्तर्गतका कारागार कार्यालयहरूको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने। |
| 21 | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | दूरसञ्चार ऐन, २०५३ को दफा ४५ को उपदफा (३) बमोजिम नेपाल दूरसञ्चार प्राधिकरणलाई आ.व. २०८१/८२ का लागि अक्षेरपि तीन अर्ब रुपियाँ उपलब्ध गराउने। |
| 22 | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | कोशी प्रदेशको बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, मधेश प्रदेशको नारायणी अस्पताल, बागमती प्रदेशको कीर्तिपुर अस्पताल, गण्डकी प्रदेशको पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, लुम्बिनी प्रदेशको भेरी अस्पताल, कर्णाली प्रदेशको सुर्खेत प्रादेशिक अस्पताल र सुदुरपश्चिम प्रदेशको सेती प्रादेशिक अस्पतालमार्फत उपचार खर्च व्यहोर्ने नसक्ने नागरिकलाई कस्मेटिक बाहेकको जलन उपचारको व्यवस्था निःशुल्क गर्ने। |
| 23 | पशुबधशाला र मासु जाँच (पहिलो संशोधन) नियमावली, २०८१ स्वीकृत गर्ने। | |